नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**माध्यमिक शिक्षा परीक्षा कक्षा १० , पुरक परीक्षा २०७५ को समय तालिकासम्बन्धी संशोधित सूचना**

यही २०७५ साल चैत्रमा सञ्चालित माध्यमिक शिक्षा परीक्षा कक्षा - १० मा नियमित समूहबाट सम्मिलित भई सी वा सी भन्दा कम ग्रेड प्राप्त गरेका परीक्षार्थीले आफूले चाहेको विषयमा ग्रेडवृद्धि (पूरक) परीक्षामा सम्मिलित हुन सक्ने छन् । साथै बढिमा दुई विषयसम्म अनुपस्थित रहेका वा दुई विषयसम्म ग्रेड उल्लेख नभएका परीक्षार्थीले पनि सोही ग्रेडवृद्धि (पूरक) परीक्षामा सहभागी हुन पाउने छन् । तर दुई विषय भन्दा बढी विषयमा अनुपस्थित रहेका वा ग्रेड उल्लेख नभएका परीक्षार्थीलाई आगामी वार्षिक परीक्षामा ग्रेडवृद्धि गर्ने अवसर गराइने छ । उक्त परीक्षा देहायबमोजिमको समय तालिकाअनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकोले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ६७७ मिति २०७६/०३/२० को निर्देशानुसार यो संशोधित सूचना प्रकाशित गरिएको छ ।

**समय तालिका**

**परीक्षा सञ्चालन समय : बिहान ८.०० बजे देखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७६ साल भाद्र १ गते आइतवार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य |
| २ | २०७६ साल भाद्र २ गते सोमवार | अनिवार्य नेपाली |
| | | गैह्र नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी ( Elective English) |
| ३ | २०७६ साल भाद्र ३ गते मंगलवार | अनिवार्य गणित |
| ४ | २०७६ साल भाद्र ४ गते बुधवार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७६ साल भाद्र ५ गते बिहिवार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक तर्फ : Farm Management and Marketing/Engineering Drawing/Computer Repair and Maintenance,Basic Music |
| ६ | २०७६ साल भाद्र ६ गते शुक्रवार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य कर्मकाण्ड वा वा अनिवार्य फलित ज्योतिष |
| | | संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| | | प्राविधिक तर्फ : Aquaculture and Fisheries/Electrical Measurement and Instrument/Computer Networks/Engineering Surveying,Music of Nepal |
| ७ | २०७६ साल भाद्र ७ गते शनिवार | ऐच्छिक प्रथमका सवै विषयहरु, |
| | | प्राविधिक विषयतर्फ : ऐच्छिक गणित (Extra Maths) |
| ८ | २०७६ साल भाद्र ८ गते आइतवार | ऐच्छिक द्धितीयका सवै विषयहरु |
| | | प्राविधिक विषयतर्फ : Vegetable and Medicinal plant Production / Dairy and Dairy Products/ Utilization of Electrical Energy/ Database management System/ Building Construction / Music Technology |
| ९ | २०७६ साल भाद्र ९ गते सोमवार | प्राविधिक विषयतर्फ : Crop production/ Small Ruminant Production and Management / Electronic device and circuit/Water resources Engineering/ Instrument Keyboard |
| १० | २०७६ साल भाद्र १० गते मंगलवार | प्राविधिक विषयतर्फ : Industrial Entomology and Mushroom /Animal health–II /Electrical Machine/ Microprocessor/ Highway Engineering/ Music Business and Program Management |
| ११ | २०७६ साल भाद्र ११ गते बुधवार | प्राविधिक विषयतर्फ : Floriculture and Nursery Management/ Veterinary Laboratory Techniques/ Industrial Installation and Maintenance/ Object Oriented Programming/ Estimating Costing and Supervision/ Optional subject (Singing, Musical Instrument, Dance) |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्डको पूर्वसूचना विना परीक्षा स्थगित हुनेछैन ।

२. परीक्षा आवेदन फाराम राष्ट्रिय परीक्षा बोर्ड वा यस कार्यालयको वेभसाइटवाट डाउनलोड गरी प्रति विद्यार्थी रु. ५०० राजश्व सहित विद्यालयमार्फत प्रवेशपत्र तथा ग्रेडशीटको प्रतिलिपि संलग्न गरी मिति २०७६/०४/१० भित्र शिक्षा विकास तथा समन्वय इकाइमा बुझाउनुपर्ने साथै शिक्षा विकास तथा समन्वय इकाइहरुले विषयगत विवरण तयार गरी मिति २०७६/०४/१५ भित्र रा.प.बोर्ड, प.नि.का. सानोठिमीमा बुझाउनुपर्ने छ ।

३. नियमित परीक्षा २०७५को प्रवेश पत्र नै पूरक परीक्षाको प्रवेश पत्र कायम गरिने र परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।

४. परीक्षा केन्द्रहरु सम्वन्धी जानकारी शिक्षा विकास तथा समन्वय इकाइबाट हुनेछ ।

५. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वत: रद्द हुनेछ ।

६. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website : www.neb.gov.np तथा यस कार्यालयको website: www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

**नियन्त्रक**